नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)

## सिंहदरबार काठमाडौं

फोनः०१-४२००३३१
४२००३३२
www.mofaga.gov.np
सिंहदरबार, काठमाण्डौ ।

प.सं.: ०७७/७८ (सा.स.सा.सु.)
च.नं.: ०९

मिति २०७७।०४।१८

श्री स्थानीय तह, सबै ।

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत विषयमा संघीय संसद प्रतिनिधि सभा, महिला तथा सामाजिक समितिको च.नं. १९ मिति २०७७।०४।११ को पत्रमार्फत प्राप्त मिति २०७७।०४।०९ को मितिको निर्णय यसैसाथ संलग्न छ । सो पत्रबाट व्यहोरा अवगत गरी सोही बमोजिम गर्नु गराउनुहुन निर्देशानुसार अनुरोध छ ।

..............
बन्दना कर्ण
शाखा अधिकृत

बोधार्थः
श्री महिला तथा सामाजिक समिति, प्रतिनिधि सभा ।
श्री सुचना प्रविधि शाखा : Website मा Upload गरीदिनुहुन ।

**संघीय संसद**
**प्रतिनिधि सभा**
**महिला तथा सामाजिक समिति**
**बैठक संख्या– ६४**

**मिति : २०७७/०४/०९ गते**
**प्रारम्भ : ११ : १० बजे**
**समाप्त :०२ : २० बजे**

**छलफल तथा निर्णय :**

समितिको आजको बैठकमा **बालबालिका सम्बन्धी विद्यमान नीतिगत तथा कानूनी प्रावधान, अन्तर्राष्ट्रिय सन्धि, महासन्धिहरु र सो को कार्यान्वयनको अवस्था सम्बन्धमा** नीति विश्लेषक, विज्ञ श्री शिव पौडेल, विज्ञ श्री मधु सुदन दवाडी, सिविनका अध्यक्ष श्री माधव नारायण प्रधान र बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियानका अध्यक्ष श्री नरेन्द्र डंगोलसंग छलफल भयो । छलफल पश्चात समितिले देहाय बमोजिम मार्ग निर्देश गर्ने निर्णय गऱ्यो :

१. बालबालिका राज्यका भविष्य हुन् । राज्यले बालबालिका माथि गर्ने सबै प्रकारको लगानी भोलिका असल नागरिक मार्फत प्रतिफलित हुन्छ । लगानी जहिले पनि अनुमानित परिणामको लक्ष्य राखेर गर्ने गरिन्छ भने नीति, रणनीति, कानून एवं आर्थिक लगायतको लगानीको परिणाम सुनिश्चितताको लागि निश्चित समयावधिमा पुनरावलोकन वा पुनर्मूल्याङ्कन गर्ने गरिन्छ । देशको मूल नीति/कानून - संविधान अनुकुल बालबालिका सम्वन्धी उपस्थित कानूनको तादाम्यता कस्तो छ ? नीतिगत लगानीको परिणाम सुनिश्चित हुने अवस्था छ वा छैन ? समय सापेक्ष पुनरावलोकन/ पुनर्मूल्याङ्कन हुनु पर्ने देखिन्छ । त्यसै गरी बालबालिका सम्वद्ध अन्तर्राष्ट्रिय प्रतिवद्धता, सन्धि सम्झौताको कार्यान्वयनमा तिनै तहका सरकार बीच स्पष्ट भूमिका सहितको समन्वय हुनुपर्ने देखिन्छ । तसर्थ समितिको यो बैठक बालबालिकाका सम्वन्धी कानूनको समय सापेक्ष पुनरावलोकन गर्न, बालबालिकाको समग्र उत्थानका लागि तीनै तह बीचको भूमिका वा जिम्मेवारीमा स्पष्टता कायम गरी कार्यसम्पादन गर्न गराउन, रणनैतिक एकरुपता कायम गर्न, गराउन नेपाल सरकार, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयलाई निर्देश गर्दछ ।

२. संघ, प्रदेश एवं स्थानीय तहले आफ्नो वार्षिक बजेटमा बालबालिकाको लागि न्यूनतम वा अधिकतम कति बजेट अनिवार्य छुट्टाउनु पर्छ भन्ने सम्बन्धमा स्पष्ट नीतिगत प्रावधान वा मार्गदर्शन भएको पाईदैन । प्रदेशगत एवं स्थानीयतहमा बालबालिकाका लागि विनियोजित बजेटमा एकरुपता देखिदैन । हाम्रो लक्ष्य बालबालिकाको समुचित र समान बिकासको सुनिश्चित गर्नु रहेकोले आगामी आर्थिक बर्षबाट स्पष्ट

सामाजिक समिति
२०७५

मापदण्ड वा मार्गदर्शनका आधारमा तीनै तहले कुल बजेटको निश्चित प्रतिशत रकम न्यूनतमरुपमा छुट्टाउने व्यवस्था मिलाउन र बालबालिका माथि भएको लगानीको प्रतिफल परिक्षण (Audit) गर्न समिति राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, आवश्यक समन्वयको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देश गर्दछ ।

३. शान्तिपूर्ण, दण्डरहित, अपाङ्गतामैत्री र बालमैत्रीयुक्त बातावरणमा पढ्न पाउने अधिकारको प्रभावकारी कार्यान्वयनले बाल अधिकारलाई प्रवर्धन गर्दछ । उल्लिखित विषय लगायत विद्यालयमा हुने लैगिंक विभेद, महिनावारी श्रृजित समस्या समाधानमा विद्यालयहरुले उचित ध्यान दिनु अनिवार्य छ । विद्यालय शिक्षा स्थानीय तहको क्षेत्राधिकार भएकोले माथि उल्लिखित विषयमा गम्भिरतापूर्वक ध्यानाकर्षण गराउन समिति संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देश गर्दछ ।

४. अधिकांश बालबालिका सम्वन्धी उजुरीहरु मिलापत्रवाट टुङ्ग्याउने प्रचलनले बालबालिकाको न्याय माथिको पहुँच संकुचित भएको छ । उजुरीहरु कानूनी प्रक्रिया बमोजिम निरोपण गर्दा नै न्यायप्राप्ति सुनिश्चित हुन सक्दछ । तसर्थ कानूनी प्रक्रिया बाहिरबाट उजुरी माथि मिलापत्र गराउने पक्षहरुलाई कानूनी कारबाहीको दायरामा ल्याउन र कानून प्रदत्त बालअधिकारको उपभोगको सुनिश्चिता गर्ने गराउने व्यवस्था मिलाउन र बालबालिका सम्वन्धी विद्यमान कुरीतिहरु रोकथाम, न्यूनिकरणका लागि परिणाममुखि कार्य सम्पादन गर्न गराउन समिति महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयलाई निर्देश गर्दछ । त्यसैगरि बालिका माथि एसिड प्रहार गर्ने घटनाहरु दोहोरिरहेका छन । एसिड आक्रमणबाट पिडित बालिकाको भविष्य अनिश्चित हुने र सम्पुर्ण जीवन नै पिडाबोधका साथ बाच्नु पर्ने अवस्था हुन्छ । तर पिडक निश्चित वर्ष जेल र निश्चित रकम जरिवाना तिरेर सामान्य जीवनमा फर्कन मिल्ने अवस्था छ । एसिड पिडितलाई राज्यको तर्फबाट आवश्यक प्रवन्ध मिलाउन र पिडक माथि कानूनी व्यवस्था अनुसार हदै सम्मको अभियोग दावी गरी प्रक्रिया अगाडि बढाउन, पिडक माथि विद्यमान जरिवाना तथा जेल प्रावधानलाई अझ बढि कठोर बनाउन सम्वन्धित कानूनमा संशोधन गर्ने प्रक्रियालाई अगाडि बढाउन समिति महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयलाई निर्देश गर्दछ ।

५. समितिको यो वैठक मिति २०७७ साउन ११ गते ११:०० बजे सम्म स्थगित हुन्छ ।

..................
एकराम गिरी
समिति सचिव

...........................
मा. निरु देवी पाल
सभापति